☎०७१-५७०२०४

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
सिद्धार्थनगर, रुपन्देही

प.सं.२०७९।०८०
च.नं. ४२९६

मिति: २०८०/०१/१२

बिषयः सूचना सम्बन्धमा ।

प्रस्तुत बिषयमा चितवन उद्योग संघको च.नं.३६९/०७९/८० मिति २०८०/०१/११ को प्राप्त पत्रानुसार मिति २०८०/०१/२२,२३ र २४ गते संचालन हुने गरी आयोजित अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा औद्योगिक उपज मेला सम्बन्धी सूचना यसै साथ संलग्न छ । उक्त मेलामा सहभागि हुन इच्छुक यस जिल्लाका उद्योगी तथा व्यवसायीहरुले सूचनामा तोकिएको शर्तको अधिनमा रही सहभागिताको लागि सूचना प्रकाशन गरिएको छ ।

२०८०।०१।१३

नि. प्रमुख उद्योग अधिकृत

"सम्पूर्ण वर्ग र विषयका घरेलु, साना, मझौला र ठूला उद्योगहरुको संस्था"
जि.प्र.का.चि.दर्ता नं. १६६/०५४/०५५

# चितवन उद्योग संघ
# Chitwan Association of Industries
"An ISO 9001:2015 Certified Organization"
आबद्धता CNI FNCSI
CERTIFIED ISO 9001:2015 ORGANIZATION

च.नं.: ३६९/०७९/०८०

मिति :- २०८०/०१/११

श्रीमान् कार्यालय प्रमुख ज्यू,
**घरल तथा साना उद्योग कायालय, रुपन्देहो**

**विषय :- अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा औद्योगिक उपजको मेला सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा चितवन जिल्लामा रहेका सम्पूर्ण विषय, वर्ग र स्तरका उद्योगहरुको छाता संस्थाको रुपमा क्रियाशिल रहेको चितवन उद्योग संघले विगतका वर्षहरुदेखि नै औद्योगिक प्रवर्द्धनका लागि सरकार तथा निजी-क्षेत्रका विभिन्न संघ संस्थाहरुसँग सहकार्य गर्दै आइरहेको व्यहोरा महोदयलाई अवगत गराउन चाहन्छौं ।

संघले औद्योगिक प्रवर्द्धन मार्फत देशको सम्बृद्धिमा सहयोग गर्ने उद्देश्यका साथ वि.सं. २०६६ सालदेखि आयोजना गर्दै आइरहेको राष्ट्रिय औद्योगिक प्रदर्शनीलाई गत वर्षदेखि अन्तराष्ट्रिय औद्योगिक प्रदर्शनीको रुपमा आयोजना गर्दै आईरहेको व्यहोरा समेत अवगत गराउन चाहन्छौं । स्वदेशी उद्योगहरुको प्रवर्द्धनका लागि अन्तराष्ट्रिय स्तरका आधुनिक प्रविधि हस्तान्तरण गर्ने र औद्योगिक उत्पादनलाई अन्तराष्ट्रिय बजारमा पहुँच पुर्‍याउने एक महत्वपूर्ण माध्यमको रुपमा रहँदै आएको उक्त अन्तराष्ट्रिय औद्योगिक प्रदर्शनीको सातौं संस्करण यस वर्ष मिति २०८० साल बैशाख २२, २३ र २४ गते तीन दिनसम्म चितवन उद्योग संघ/चितवन प्रदर्शनी केन्द्र, भरतपुर चितवनमा आयोजना गर्न लागिएको छ ।

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, प्रदेश सरकार, स्थानीय पालिकाहरुको समेत प्रवर्द्धन सहयोग रहने गरी आयोजना गर्न लागिएको उक्त प्रदर्शनी मार्फत स्वदेशी उद्योगहरुले आधुनिक प्रविधि अनुसरण गर्ने तथा आफ्ना उत्पादन स्वदेशी एवं अन्तराष्ट्रिय स्तरमा बजारीकरण गर्ने अवसर प्राप्त गर्ने छन् । तसर्थ, ५० भन्दा बढी अन्तर्राष्ट्रिय स्टलहरुको सहभागिता रहने, १० हजार भन्दा बढी उद्योगीहरु र १ लाख भन्दा अवलोकनकर्ताले अवलोकन गर्ने उक्त प्रदर्शनीमा तहाँ कार्यालयमा दर्ता भएका र कार्यालयले प्रबर्द्धन गर्न आवश्यक महशुस गरेका कम्तीमा एउटा उद्योगहरुको उत्पादनको प्रदर्शनीका लागि मिति २०८० बैशाख १७ गतेभित्र स्टल बुक गरी औद्योगिक प्रवर्द्धनको अभियानमा सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै, उक्त प्रदर्शनीमा महोदयको नेतृत्वमा तहाँ कार्यालयबाट समेत अवलोकन गरी हौसला प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**स्टल दररेट :**

| क्र.सं. | विवरण | दररेट (प्रति स्क्वायर मिटर) | न्यूनतम दिनुपर्ने वर्गमिटर | स्टलको कुल शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | निर्मित स्टल | ६,५००/- | ९ वर्गमिटर | ५८,५००/- | प्रति ९ वर्गमिटरको स्टलको लागि १ थान टेबल, २ थान कुर्ची, बिद्युत प्वाइन्ट सहितको तयारी स्टल उपलब्ध हुने । |
| *माथि उल्लेखित दररेटमा नियमानुसार १३ % मु.अ.कर लाग्नेछ ।* | | | | | |

**नोट : औद्योगिक प्रदर्शनी सँग सम्बन्धित अन्य कागजात यसै पत्रसाथ सम्लग्न गरिएको छ ।**

गणेश प्रसाद सिलवाल
कार्यकारी निर्देशक
चितवन उद्योग संघ
मो.९८५५०८५५८२

प्रदर्शनीमार्ग, भरतपुर-१०, चितवन, बागमती प्रदेश, नेपाल, फोनः +९७७-५६-५९५०५२, ५९६०५२, ५९६८०९
Email: acibharatpur@gmail.com, website: www.cainepal.org